दुर्गा बहादुर गुरुङ
अध्यक्ष

# श्री भगवती सामुदायिक वन उपभोक्ता समूह,

## सुनवल -५ र ९ तथा रामग्राम -२, नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सम्बन्धि सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८३।०४।२२**

श्री डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को च नं. २७६५ मिति २०८३।०३।१२ गतेको लिलाम विक्रि सहमति अनुसार श्री **भगवती** सामुदायिक वन उपभोक्ता समूह सुनवल-५ र ९ तथा रामग्राम-२, नवलपरासी (ब. सु. प.) को वनबाट आ व २०८२।०८३ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु कटानबाट उत्पादन भई **समुहको** घाटगद्दीमा लट नं. १ र २ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र बोलपत्र फाराम खरिद गरी **२२(बाइस) औं** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण ( क्यू.फि.)** | **न्यूनतम** | **संकलन खर्च** | |
| १ | **सिसौ** | ए | १३ | क्यू.फी. | १०३.७७ | ७२६३९.० | प्रति क्यु.फि रु १४५ ।- | धांग नं ६, ८, ९ र १० |
| | | वी | १३२ | क्यू.फी. | ३५२.०४ | १७६०२०.० | | |
| | | **जम्मा** | **१४५** | | **४५५.८१** | **२४८६५९.०** | | |
| | **बर्रो** | | १७ | क्यू.फी. | १८०.७४ | **३६१४८.०** | | |
| | **महुवा** | | १ | क्यू.फी. | २२.६९ | **२२६९.०** | | |
| | **कुसुम** | | ३१ | क्यू.फी. | २०४.९२ | **२०४९२.०** | | |
| **जम्मा** | | | **४९** | | **४०८.३५** | **५८९०९.०** | | |
| **कूल जम्मा** | | | **१९४** | | **८६४.१६** | **३०७५६८.०** | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण ( क्यू.फि.)** | **न्यूनतम** | **संकलन खर्च** | |
| २ | **साल** | बि | ६ | क्यू.फी. | ३४.४ | ३०९६०.० | प्रति क्यु.फि रु १४५ ।- | धांग नं ५,७तथा धांग १ को बाँकी |
| | | सि | ९८ | क्यू.फी. | ३३१.२७ | १९८७६२.० | | |
| | | डि | १२ | क्यू.फी. | २०.७४ | ६२२२.० | | |
| | | **जम्मा** | **११६** | | **३८६.४१** | **२३५९४४.०** | | |
| | **असना** | **ए** | २ | क्यू.फी. | ४२.१९ | **१६८७६.०** | | |
| | | **बि** | १ | क्यू.फी. | १२.१९ | **३६५७.०** | | |
| | | **सि** | ३ | क्यू.फी. | ८.४५ | **८४५.०** | | |
| | | **जम्मा** | **६** | | **६२.८३** | **२१३७८.०** | | |
| | **कुम्भि** | | ५ | क्यू.फी. | ३०.९४ | **३०९४.०** | | |
| | **कसुम** | | १ | क्यू.फी. | २९.१८ | **२९१८.०** | | |
| | **जिंगड** | | ४४ | क्यू.फी. | २७८.५ | **२७८५०.०** | | |
| | **महुवा** | | ४ | क्यू.फी. | २२.६७ | **२२६७.०** | | |
| | **जम्मा** | | **५४** | | **३६१.२९** | **३६१२९.०** | | |
| **कूल जम्मा** | | | **१७६** | | **८१०.५३** | **२९३४५१.०** | | |

दुर्गा बहादुर गुरुङ
अध्यक्ष

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०५।११ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०५।१२ ख) समय : दिउसो १ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा **राष्ट्रिय बाणिज्यबैक लि., सुनवलमा रहेको खाता नं. ३४१०१०००००३३५००१** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र)पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०५।१३ गते दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।